## बराहक्षेत्र नगरपालिकाको
## प्रसुती सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :**

बराहक्षेत्र नगरपालिका क्षेत्रभित्र रहेका सामूदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षकहरु प्रसुती हुँदाका बखत प्रसुती हुनु अघि वा पछि दिइने ९८ दिनको विदाका समयमा प्रसुती हुने महिला शिक्षकको सट्टामा राखिने सट्टा शिक्षक व्यवस्थापनका लागि बराहक्षेत्र नगरपालिकाको प्रसुती सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ तयार गरी लागु गरिएको छ ।

बराहक्षेत्र नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४(१) अनुसार यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "बराहक्षेत्र नगरपालिकाको प्रसुती सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०७९" हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रसुती सट्टा शिक्षक" भन्नाले बराहक्षेत्र नगरपालिका भित्र रहेका सामूदायिक विद्यालयका महिला शिक्षक प्रसुती हुँदा दिने ९८ दिनको प्रसुती विदामा राखिने शिक्षकलाई सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ग) "जगेडा कोष" भन्नाले सट्टा शिक्षकको पारिश्रमिक व्यवस्थापनको लागि नगरपालिकाबाट आर्थिक व्यवस्थापन गर्न खडा गरिएका आर्थिक कोष सम्झनु पर्दछ ।

(घ) "छनौट समिति" भन्नाले प्रसुती शिक्षकको सट्टामा शिक्षण गर्न शिक्षक छनौट गर्ने समितिलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

(१) विद्यालयको पठनपाठनलाई निरन्तरता दिने ।

(२) महिलामैत्री सहयोगात्मक अवस्था सिर्जना गर्ने ।

## परिच्छेद-२

## प्रसुती सट्टा शिक्षक व्यवस्थापन विधि

**४. प्रसुती विदा स्वीकृत गर्ने सम्बन्धमा :**

(१) बराहक्षेत्र नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को नियम ६९ उपनियम १ अनुसार प्रसुती विदा लिन चाहने महिला शिक्षकले प्रसुती हुनु अगावै वा प्रसुती अवस्थामा स्वास्थ्य संस्थाबाट सिफारिस गरिएको पूर्जासहित विद्यालय व्यवस्थापन समितिमा निवेदन दिनु पर्ने छ ।

(२) सो निवेदनका आधारमा २ वटा सन्तान सम्मका लागि विद्यालय व्यवस्थापन समितिले नगर शिक्षा शाखाको सिफारिसमा विदा स्वीकृत गर्न सक्नेछ ।

**५. सट्टा शिक्षक अनुमति सम्बन्धमा :**

(१) विदा स्वीकृत गरेको जानकारीका साथमा वडा शिक्षा समितिको सिफारिस सहित नगर शिक्षा शाखामा शिक्षक व्यवस्थापनको लागि विद्यालयले अनुमति माग गर्नुपर्नेछ ।

(२) नगर शिक्षा समितिको सिफारिसमा नगर शिक्षा शाखाले शिक्षक छनौट समिति मार्फत प्रक्रिया पुरा गरी शिक्षक छनौट गरी सिफारिस गर्नेछ ।

**६. सट्टा प्रसुती शिक्षक छनौट समिति :** यस कार्यविधि बमोजिम सट्टा शिक्षक छनौटका लागि देहाय बमोजिमको छनौट समिति गठन गरिनेछ ।

(क) सम्बन्धित विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष - संयोजक

(ख) सम्बन्धित विषय विज्ञ - सदस्य

(ग) नगर शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत - सदस्य

(घ) सम्बन्धित विद्यालयका प्र.अ. - सदस्य सचिव

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**७. छनौट प्रक्रिया :**

(१) विद्यालयले ३ (तीन) दिनको म्याद राखी कम्तिमा न्यूनतम शैक्षिक योग्यता उत्तिर्ण गरेको योग्य नागरिकको निवेदन आह्वान गर्नेछ ।

(२) विद्यालयले आवेदकहरुको आवेदन संकलन गरी नगर शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।

(३) उक्त आवेदन नगर शिक्षा शाखाले छानविन गरी आवेदन स्वीकृत गरी परीक्षा समितिमा पेश गरी छनौट समितिबाट सट्टा शिक्षक छनौट गर्नेछ ।

**८. छनौटका आधारहरु :** छनौट गर्न २ (दुई) वटा मापदण्ड अपनाइनेछ ।

**(क) पहिलो खण्ड (५)**

(१) शिक्षण अनुभव – १.५ (२ वर्षसम्म भए १ सो भन्दा माथि भए १.५)

(२) न्यूनतम शैक्षिक योग्यता - २ (प्रथम २, द्वितिय १.५, तृतीय १)

(२) माथिल्लो शैक्षिक योग्यता - १.५ (प्रथम १.५, द्वितिय १, तृतीय ०.५)

**(ख) दोस्रो खण्ड (१०)**

(१) अन्तरवार्ता – १०

**९. समय अवधि :**

सट्टा शिक्षकको कार्य अवधि ९८ दिन हुनेछ । तर सो अवधि भित्र हिउँदे, वर्षे तथा दशैं तिहार जस्ता लामो विदा पर्न गएमा उपस्थित दिनको मात्र पारिश्रमिक पाउने छ । र अन्य तिन दिन भन्दा कमको विदा परे सो दिन काम गरे सरह मानिनेछ ।

**१०. सट्टा शिक्षक व्यवस्थापन कोष :**

बराहक्षेत्र नगरपालिकामा एक प्रसुती सट्टा शिक्षक व्यवस्थापन कोष खडा गरिने छ ।

**११. पारिश्रमिक :**

प्रसुती सट्टा शिक्षकले देहाय बमोजिमको पारिश्रमिक पाउनेछ ।

(१) प्राथमिक तह - १५०००।- (पन्ध्र हजार रुपैयाँ)

(२) नि.मा.वि. तह - १८०००।- (अठार हजार रुपैयाँ)

(३) मा.वि. तह - २१०००।- (एक्काइस हजार रुपैयाँ)

(४) उच्च मा.वि. तह - २४०००।- (चौबिस हजार रुपैयाँ)

**१२. परीक्षा समितिको बैठक :**

आवश्यकता अनुसार परीक्षा समितिको बैठक बस्नेछ । तर सट्टा शिक्षक छनौट गर्दाको बखत कम्तीमा २ वटा बैठक बस्नु पर्नेछ ।

**१३. बैठक भत्ता :**

परीक्षा समितिलाई शिक्षक छनौट गर्दा बसेको २ (दुई) बैठकको पारिश्रमिक विद्यालयले उपलब्ध गराउनु पर्नेछ ।

**१४. प्रचलित कानून लागू हुने :**

प्रसुती सट्टा शिक्षक व्यवस्थापन सम्बन्धमा प्रचलित नगर शिक्षा नियमावली, २०७४ मा उल्लेख भएमा सो बमोजिम र उल्लेख नभएको अवस्थामा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

**१५. कार्यविधि संशोधन तथा परिमार्जन सम्बन्धमा :**

बराहक्षेत्र नगरपालिकाको नगर शिक्षा समितिले यस कार्यविधि आवश्यक परेमा परिमार्जन तथा संशोधन गर्नेछ ।

**१६. खारेजी तथा बचाउ :**

यस कार्यविधि नेपाल सरकार र बराहक्षेत्र नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ सँग बाझिन गएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

**प्रमाणित गर्नेको**

दस्तखत :

नाम : देवेन्द्र बहादुर मल्ल

पद : प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७९।०३।२३

कार्यालयको छाप :